# सन्दकपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## माबुपोखरी, देउराली, इलाम

१ नं. प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रकाशित मिति २०७७/०८/१४ गते)**

यस सन्दकपुर गाउँपालिकामा लघु उद्यम विकास कार्यक्रमका लागि तपशिल बमोजिम कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र दरखास्त आवेदन दिनहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | पद | पद संख्या | कैफियत |
|---|---|---|---|
| ०१/२०७७/०७८ | उद्यम विकास सहजकर्ता | १ (एक) | |

**परीक्षाको किसिम :-** प्रारम्भिक योग्यताको सूचि प्रकाशन र अन्तर्वार्ता

**आवश्यक न्यूनतम योग्यता:-** क.प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम (सिटिइभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको, वा

ख. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट उद्यम विकास सहजकर्ता सीप परिक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा

ग. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परिक्षा (सिटीइभिटी) उत्तीर्ण गरेको हुनु पर्नेछ ।

**दरखास्तको माध्यम:-** ईच्छुक आवेदनले निर्धारित परिक्षा दस्तुर रकम जम्मा गरेको भौचरसाथ तोकिएको मितिमा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो नेपाली नागरिकताको प्रमाण पत्र शैक्षिक योग्यताको प्रमाणपत्रहरुको स्वयंद्वारा प्रमाणित प्रतिलिपिहरु साथ राखि रीतपूर्वको आवेदन फारम भरी यस गाउँपालिकाको प्रशासन शाखामा आवेदन दिनुपर्नेछ अन्तर्वार्ताको समयमा अनिवार्य रुपमा सक्कलै प्रमाणपत्र साथमा लिइ आउनुपर्नेछ ।

**उम्मेदवारको उमेर हद :-** दरखास्त दिने अन्तिम मिति सम्ममा १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको हुनु पर्नेछ ।

**दरखास्त दिने अन्तिम मिति :-** २०७७/०८/२८ गते कार्यालयसमय भित्र । उक्त दिन सार्वजानिक विदा परेमा सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र ।

**दरखास्त दस्तुर :-** ४००/- (चार सय मात्र)

**दरखास्त दस्तुर बुझाउने स्थान :-** सन्दकपुर गाउँपालिकाको कार्यालय लेखा शाखा वा प्रभु वैक सन्दकपुर शाखामा रहेको आन्तरिक राजश्व खाता नं १६४०११०००१०३ मा रकम जम्मा गरेको भौचर पेश गर्नु पर्ने छ ।

**अन्तर्वार्ता :-** प्रारम्भिक योग्यताको सूचि प्रकाशन भएको समयमा तोकिनेछ ।

**तलब स्केल तथा सुविधा :-** सेवा करार सम्झौता बमोजिम हुनेछ ।

**सेवा अवधि र काम गर्नुपर्ने स्थान:** कार्यपालिकाको निर्णयानुसार हुनेछ र सन्दकपुर गाउँपालिका अन्तरगत कामकाज गर्नु पर्नेछ ।

**पुनश्चय:-** सूचनामा उल्लेख भएबाहेकका अन्य विषय कार्यालयको निर्णय बमोजिम हुनेछ ।

अन्य जानकारीका लागि यस कार्यालयको प्रशासन शाखा वा सम्पर्क न ९८४२६४२९४३ (धन नारायण श्रेष्ठ) लाई सम्पर्क गर्न सकिनेछ।आवेदनको फारम गाउँपालिकाको वेभसाइट www.sandakpurmun.gov.npमा उपलव्ध गरिएको छ ।छनौट समितिले मापदण्ड पुरा गरेका आवेदनलाइ मात्र छोटो सूचिमा समावेश गरिनेछ ।

महेश राई
प्रमुख प्रशासकीय अधिकृत